# स्थानीय निकाय कार्यविधी २०६७, अनुसूची ४ अनुसारको शे-फोक्सुण्डो गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को सामाजिक परीक्षण प्रतिवेदन

## १. पुष्ठभूमि

सामाजिक परीक्षणको परिभाषा समानता भेटिदैन । सामान्य परिभाषा अनुसार सामाजिक परीक्षण कुनै पनि संस्थाको सामाजिक कार्य सम्पादनको परीक्षण हो । जसमा सरोकारवालाले सामाजिक कार्य सम्पादनका लागि भविष्यमा गर्न सकिने सुधारको आशा राख्दछन् । आर्थिक लेखापरीक्षण र सामाजिक परीक्षण बीच केही समानताहरु छन् । यी दुवैमा अभिलेख र प्रक्रियाको जाँच र त्यसको सारांश र प्रतिवेदन तयारी गरिन्छ । तर तात्विक फरक के हो भने सामाजिक परीक्षणका व्यवस्थापन, बोर्ड सदस्य, कर्मचारी, सेवाग्राही,समुदाय,नीति निर्माता सबैलाई सामाजिक कार्य सम्पादनको लेखाजोखाको अवसरमा सहभागी गराइन्छ, भने आर्थिक लेखा परीक्षणमा लेखापरीक्षकले आफ्नो राय मात्र उल्लेख गर्दछन् ।

पहिलो पटक सामाजिक परीक्षण गरिँदैछ भने विगतको कार्य सम्पादनको मूल्याङ्कनमा भन्दा संख्यागत संरचना, प्रक्रिया र उद्देश्यमा जोड दिनुपर्दछ । स्थानीय तह (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम २०१ ले गरेको व्यवस्था अनुसार वर्षमा एक पटक सामाजिक परीक्षण गर्नै पर्ने प्रावधान भएकोले स्थानीय तहहरु (महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकाहरु) ले आर्थिक वर्ष समाप्त भएको प्रथम चौमासिक भित्र सामाजिक परीक्षण गरी सक्नुपर्छ । यसका लागि स्थानीय तहले सो तहसँग प्रत्यक्ष सम्बन्ध नभएको विज्ञलाई सामाजिक परीक्षकको रुपमा सेवा करारमा लिनु पर्दछ । सामाजिक परीक्षण कार्यको सहयोग तथा समन्वयका लागि स्थानीय तहले एक समन्वय समिति गठन गर्नेछ । समन्वय समितिको गठन बाध्यात्मक भने हुने छैन ।

सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट अध्ययन पश्चात् सम्पूर्ण सरोकारवाला सहितको समावेशी उपस्थितिमा प्रारम्भिक प्रतिवेदन प्रस्तुत गर्नु पर्दछ । छलफलमा उठेका सवाल र जवाफलाई समेटी अन्तिम प्रतिवेदन तयार गरिन्छ । यसलाई स्थानीय तहको योजना तर्जुमाको विभिन्न चरणमा, सामाजिक तथा जनसंख्या समिति र परिषद्बाट पेश गर्नु पर्ने प्रावधान रहेको छ । यसरी स्थानीय तहबाट भएका कामहरुले सामाजिक उपलब्धि कति हासिल भए सोको विश्लेषणबाट प्रभाव सम्मको अवस्थाको आंकलन गर्न सामाजिक परीक्षण विधि निकै प्रभावकारी भएको देखिन्छ । सामाजिक परीक्षणको सैद्धान्तिक पक्षको अनुसरण, सामाजिक परीक्षण कार्यविधिको महत्वपूर्ण पाटो भएकाले यसको सफल कार्यान्वयनबाट आफ्नो सामाजिक विकासको उत्तरदायित्व पूरा गर्न स्थानीय तहलाई ठूलो टेवा पुग्नेछ । यसैको आधारमा भविष्यको रणनीति तथा योजना तयार गर्ने कार्यका लागि यसका निष्कर्षहरुले सघाउँनेछन् । सामाजिक परिक्षण कार्यविधि २०६७ बमोजिमको अधिनमा रहि **शे-फोक्सुण्डो गाउँपालिकाको** आर्थिक वर्ष २०७५/०७६ को सामाजिक परीक्षण गरिएको छ ।

## २. सामाजिक परीक्षणको उद्देश्य

स्थानीय तह (आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०१ ले गरेको व्यवस्था अनुरुप गाउँपालिकाको एक आर्थिक वर्षमा गाउँपालिका कै समग्र सामाजिक उत्तरदायित्व परीक्षण ( लेखाजोखा) गर्नु यस सामाजिक परीक्षणको उद्देश्य हो । सामाजिक परीक्षण सैद्धान्तिक र व्यवहारिक पक्षलाई समेट्दै गाउँपालिकालाई ऐन नियमले तोकेको सामाजिक जिम्मेवारी, त्यस अनुसार संचालित कार्यक्रम, योजनाले ल्याएको सामाजिक उपलब्धि र सामाजिक जिम्मेवारी बहन गर्न सक्ने संस्थागत क्षमता आदिको लेखाजोखा यसको केन्द्र विन्दुमा रहेका छन् ।

## ३. सामाजिक परीक्षण विधि

सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट देहाय बमोजिमका विधिहरुको प्रयोग गरिएको थियो ।

### ३.१ सन्दर्भ सामग्री समीक्षा र अध्ययन

- स्थानीय तह सम्बन्धी ऐन, नियम, कार्यविधिहरु र निर्देशिकाहरु
- स्थानीय तहको सामाजिक विजम्मेवारी, लक्ष्य, उद्देश्य
- आवधिक तथा वार्षिक योजना (विषयगत कार्यालयहरुको समेत)
- सामाजिक उपलब्धि, कार्य सम्पादन, परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचना
- नागरिक बडापत्र
- बार्षिक प्रतिवेदनहरु

### ३.२ अन्तवार्ता र समूह छलफल

**शे-फोक्सुण्डो गाउँपालिका**को पदाधिकारीहरु, अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुख, आयोजना प्रमुख, विषयगत कार्यालय प्रमुखसँग अर्धसंरचित (Semi-structured) अन्तरवार्ता गरिएको थियो । अन्तरवार्ताबाट समेटिन नसकेका विषयहरुका लागि सम्बन्धित कर्मचारीहरुको सानो समुह बनाई समुह छलफल गरियो । प्रमुख समस्या, चुनौती तिनीहरुको सम्पादनको अवस्था र भावी कार्यदिशाका बारेमा गहन अध्ययन गरी बुँदागत रुपमा प्रतिवेदन तयार गरिएको थियो ।

### ३.३ प्रारम्भिक प्रतिवेदन प्रस्तुति तथा छलफल

निम्नानुसारका शीर्षकमा केन्द्रिकृत रहि प्रारम्भिक प्रतिवेदन माथि छलफल गरिएको थियो ।

- सामाजिक परीक्षणका निष्कर्षहरु
- सामाजिक परीक्षणकले औंल्याएका सवालहरु

- सवालहरुको प्राथमिकीकरण
- यी सवालहरुलाई सम्बोधन गर्ने प्रतिबद्धता
- सामाजिक प्रतिवेदनले समेट्न नसकेका विषयवस्तु सुझावहरु संकलन

## ४. प्रारम्भिक तयारी, प्रस्तुतिकरण तथा छलफल

### ४.१ प्रतिवेदन तयारी

सामाजिक परिक्षणको प्रारम्भिक प्रतिवेदन प्रस्तुतिकरण कार्यक्रममा छलफलमा उठेका सुझावहरु र अन्तिम प्रतिवेदन तयारी गरिएको छ । प्रतिवेदनका विषयवस्तु निम्नानुसार प्रस्तुत गरिएको छ ।

- पृष्ठभूमि
- सामाजिक परीक्षणको उद्देश्य
- अध्ययन विधि
- बृहत छलफल कार्यक्रमको विवरण
- अध्ययनको सिमा
- बृहत छलफल कार्यक्रमको विवरण
- सामजिक परीक्षणबाट देखिएका सवाल पक्षहरु
- सामाजिक परीक्षणबाट देखिएका चुनौती तथा कमी कमजोरीहरु
- सामाजिक जिम्मेवारी पुरा गर्न स्थानीय तहले चाल्नु पर्ने कदमहरु वा सुझावहरु

### ४.२ सामाजिक परीक्षणमा समावेश भएका पक्षहरु

स्थानीय तह सामाजिक परीक्षण कार्यविधि २०६७ को व्यवस्था अनुसार विषयगत कार्यालय र गाउँपालिकाको वार्षिक कार्यक्रम/ आयोजनामा समावेश भएका गैर सरकारी संस्थाहरुको हकमा गाउँपालिकाकै अभिन्न अंगको रुपमा सामाजिक परीक्षणमा सामाजिक जिम्मेवारीको लेखाजोखा तथा कार्यसम्पादनको मूल्याङ्कन गर्नु पर्ने व्यवस्था भएकोले यस गाउँपालिकाको वार्षिक योजनामा भएका गैर सरकारी संस्थाहरुको योजना समावेश गरिएको छैन ।

## ५. स्थानिय तहको संक्षिप्त परिचय

| | | |
|---|---|---|
| प्रदेश | : | संघीय गणतन्त्र नेपालको कर्णाली प्रदेश |
| जिल्ला | : | डोल्पा |
| क्षेत्र नं | : | १ (१) |
| क्षेत्रफल | : | १२३.०७ वर्ग किमि |
| वडा संख्या | : | ९ अवस्थिति |
| उचाई | : | २२२५ मि. देखि ७७०४ मि. सम्म |
| पूर्व | : | डोल्पोबुद्ध गा.पा. |
| पश्चिम | : | जगदुल्ला गा.पा. मुगु जिल्ला |
| उत्तर | : | चिन देश |
| दक्षिण | : | त्रिपुरा सुन्दरी न.पा., ठुलीभेरी न.पा. र काइके गा.पा. |
| नदी | : | फोक्सुण्डो र तिञ्जे नदि |
| जनसंख्या | : | ३०९९ (२०६८) |
| जनघनत्व | : | २५.१८ व्यक्ति प्रति वर्ग मि. |
| घरधुरी | : | ८०३ (२०६८) |
| मुख्य जातीय समुदाय | : | गुरुङ, रोकाया, भोटे, लामा, डोल्पाली आदि |
| धर्म | : | बौद्ध धर्म आदि |

## संक्षिप्त परिचय

नेपालको कर्णली प्रदेशको १० जिल्लामध्ये तुलनात्मक रुपमा दर्गम हिमाली जिल्लाको रुपमा रहेको डोल्पा जिल्ला समून्द्र सतहवाट न्यूनतम १५२५ देखि अधिकतम ७७५४ मिटरको उचाईसम्म फैलिएर रहेको छ । नेपाल राज्यको सुदुर पश्चिम भागमा अवस्थित डोल्पा जिल्लाका पुरातात्विक, धार्मिक एवं ऐतिहासिक महत्व बोकेको प्रमुख दर्शनिय स्थलहरुमा त्रिपुरा शुन्दरीको मन्दिर, छल मष्टा, गल्ली देउता, शे-गुम्बा, शे-फोक्सुण्डो ताल, शुलीगाडको झरना, तातोपानी मुहान, यार्सागुम्वा आदि हुन् । प्रशस्त सम्भावनाहरु हुँदाहुँदै पनि ठुला-ठुला उद्योगधन्दा, कलकारखाना स्थापना भइनसकेको र पर्यटन क्षेत्रको विस्तार पनि हुन नसकेको हुँदा अन्य छिमेकी जिल्लाहरुको जस्तै यस जिल्लाको पनि जिविकोपार्जन मुख्य आर्थिक आधार पशुपालननै रहन गएको छ ।

नेपालको संविधान (२०७२) बमोजिम नेपाल सरकारले स्थानीय निकायहरुको पुनःसंरचनाको लागि गठन गरेको उच्च स्तरीय आयोगले २०७३ पुष २२ मा नेपाल सरकारलाई बुझाएको प्रतिवेदन नेपाल सरकारले परिमार्जन गरी २०७३ फागुन २७ गतेबाट स्थानीय तह लागू गर्ने निर्णय अनुसार नेपालको कर्णाली प्रदेशमा अवस्थित हिमाली जिल्ला डोल्पा एक हो । भौगोलिक विविधता हिमाल, पहाड, पाखा, पखेरा,  खोल्सा, खोल्सी, खोंच र बेंसि तथा अन्य प्रकृति सम्पदाहरुले भरिएको यस जिल्लाको साविकका गा.वि.स.हरु मध्ये **शे-फोक्सुण्डो गा.पा. साल्दाङ, भिजेर र फोक्सुण्डो गाविसलाई** समायोजन गरी शे-फोक्सुण्डो गाउँपालिका गठन गरिएको हो ।

२०७३ सालमा गठित स्थानीय निकाय पूनःसंरचना आयोगले गरेको सिफारिस बमोजिम डोल्पा जिल्लामा २ वटा नगरपालिका र ६ वटा गाउँपालिकामा विभाजित भएको छ । ६ वटा गाउँपालिका मध्ये शे-फोक्सुण्डो गाउँपालिका पर्यटन, यातायातका दृष्टिले दुर्गम, जातजातिको हिसावले केहि बढि गुरुङ जातीको बाहुल्यता तथा अन्य सबै भोटे जातीको बसोबास रहेको दखिन्छ ।

कुल क्षेत्रफल १२३.०७ वर्ग कि.मि. रहेको यस शे-फोक्सुण्डो गाउँपालिका नेपालकै प्रख्यात फोक्सुण्डो ताल, प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक तथा धार्मिक दृष्टिकोणले एक प्रमुख पर्यटकिय गन्तब्य गाउँ हो । पर्यटकिय गन्तब्यहरुको विविधकरण गर्दै नयाँ पर्यटकिय स्थल र उपजहरुको पहिचान विकास तथा पर्यटकिय पुर्वाधारहरुको विकास गरी पर्यटक उद्योगलाई एक प्रमुख आधारको रुपमा विकास गर्न जरुरी छ ।

**वडा विभाजन**

| क्र.स. | समावेस भएका साविकका गाविसहरु | नया वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | साल्दाङ (१,२,९) | १ | |
| २ | साल्दाङ (३,४) | २ | |
| ३ | साल्दाङ (५,६) | ३ | |
| ४ | साल्दाङ (७,८) | ४ | |
| ५ | भिजेर (१-७) | ५ | |
| ६ | भिजेर (८) | ६ | |
| ७ | भिजेर (९) | ७ | |
| ८ | फोक्सुण्डो (१-५) | ८ | |
| ९ | फोक्सुण्डो (६-९) | ९ | |

श्रोतः स्थानीय तहको सीमा निर्धारण आयोगको प्रतिवेदन र नेपाल राजपत्र,२०७३

## ५.१ शे-फोक्सुण्डो गाउँपालिकाको नक्सा




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५०००/१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC,2016

## ५.२ शे-फोक्सुण्डो गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको विवरण

| क.स. | नाम थर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | टसी तुण्डुप गुरुङ्ग | अध्यक्ष | ९८५१०६११६६ |
| २ | धाव सम्दुक गुरुङ | उपाध्यक्ष | ९८५८३९०११७ |
| ३ | जिग्मे छोइङ नोवु लामा | वडा अध्यक्ष १ | ९८५११६०९२७ |
| ४ | फुर्वा लामो गुरुङ | वडा सदस्य | |
| ५ | छुल्डीम लामा | वडा सदस्य | |
| ६ | पेम्वा छिरीङ्ग गुरुङ्ग | वडा सदस्य | |
| ७ | छेवाङ ग्याल्जाङ्ग लामा | वडा अध्यक्ष २ | ९८४११३३८३५३ |
| ८ | तेण्डेन गुरुङ्ग | वडा सदस्य | |
| ९ | फुर्वा टसी गुरुङ्ग | वडा सदस्य | |
| १० | पाल्साङ्ग गुरुङ्ग | वडा सदस्य | |
| ११ | कार्मा तुण्डुप लामा | वडा अध्यक्ष ३ | ९८५११५८७४१ |
| १२ | खाँडो गुरुङ्ग | वडा सदस्य | |
| १३ | कर्मा आङ्गेल लामा | वडा सदस्य | |
| १४ | धावा टसी गुरुङ्ग | वडा सदस्य | |
| १५ | पेम्वा वाङ्चेन गुरुङ्ग | वडा अध्यक्ष ४ | ९८६०३८३३८८ |
| १६ | आङ्मो वि.क. | वडा सदस्य | |
| १७ | छिरिङ्ग सांवो वुढा | वडा सदस्य | |
| १८ | पेम्वा तोर्चे गुरुङ्ग | वडा सदस्य | |
| १९ | कुसाङ गुरुङ्ग | वडा सदस्य | |
| २० | पेम्वा गुरुङ | वडा अध्यक्ष ५ | ९८४१८८०५७४ |
| २२ | छिरिङ युटुन गुरुङ्ग | वडा सदस्य | |
| २३ | सुम्चोक लामा गुरुङ्ग | वडा सदस्य | |
| २४ | कुन्चोक ढाक्या गुरुङ्ग | वडा सदस्य | |
| २५ | निमा छिरिङ्ग गुरुङ्ग | वडा सदस्य | |
| २६ | रेग्जिन गुरुङ्ग | वडा अध्यक्ष ६ | ९७४११८२७६१ |
| २७ | पेमा छिरिङ गुरुङ्ग | वडा सदस्य | |
| २८ | धार्के गुरुङ्ग | वडा सदस्य | |

| | | | |
|---|---|---|---|
| २९ | क्वईजोर गुरुङ्ग | वडा सदस्य | |
| ३० | पाल्साङ्ग गुरुङ्ग | वडा अध्यक्ष ७ | ९८६८२९३३०८ |
| ३१ | छोईटन गुरुङ्ग | वडा सदस्य | |
| ३२ | नोर्वु टोन्डुल गुरुङ्ग | वडा सदस्य | |
| ३३ | पेम्वा तेन्जिन गुरुङ्ग | वडा सदस्य | |
| ३४ | निमा लामा | वडा अध्यक्ष ८ | ९८५१०३४०१८ |
| ३५ | पेमा जोङ्मु वैजी | वडा सदस्य | |
| ३६ | टसी गुरुङ्ग | वडा सदस्य | |
| ३७ | चाइङा छिरिङ्ग वैजी | वडा सदस्य | |
| ३८ | लार्के लामा | वडा अध्यक्ष ९ | ९८४८३०३१०४ |
| ३९ | पासाङ निमा वैजी | वडा सदस्य | |
| ४० | ठिन्ल्या वैजी | वडा सदस्य | |
| ४१ | युङडुङ छेवाङ लामा | वडा सदस्य | |
| ४२ | लोडई वि.क. | दलित सदस्य | |
| ४३ | छिरिङ तोर्चे भोटे | अल्पख्यक सदस्य | |

| गाउँ पालिकामा कार्यरत कर्मचारी हरु | | | |
|---|---|---|---|
| १ | नारायण प्रसाद अधिकारी | प्रमुख प्रशासकिय अधिकृत | ९८५६०८००९१ |
| २ | झग्गु प्रसाद शर्मा | अधिकृत छैंटौ | ९७४८९०१३६४ |
| ३ | दिप प्रसाद रोकाय | सुचना प्रविधि अधिकृत | ९८६८११९२०२ |
| ४ | श्री बहादुर विष्ट | नायव सुव्वा | ९८५८३२२८०५ |
| ५ | शरद प्रसाद यादव | लेखापाल | ९८५४०३७३३७ |
| ६ | नवराज के.सी. | सव. इन्जिनियर | ९८४३४७४९१३ |
| ७ | लाल बहादुर वुढा | नायव सुव्वा | ९८४०१७०३९५ |
| ८ | विष्णु वुढा | सह लेखापाल | ९८५८३६६०३० |
| ९ | राजेन्द्र प्रसाद पोखेल | सहायक पाचौं | ९८४८११५२८८ |
| १० | कृष्ण केशर आचार्य | खरिदार | ९८६८२२८१९८ |
| ११ | चन्द्र प्रसाद रोकाय | अ.सव इन्जिनियर | ९८ |
| | | | |
| स्वास्थ्य तर्फ | | | |
| ७ | रण बहादुर वुढा | स्वास्थ्य शाखा संयोजक | ९८४८३०३४५९ |
| ८ | दुर्गा प्रसाद गोराथोकी | स्वास्थ्य शाखा उप संयोजक | ९८६७९५४०३४ |

| | | | |
|---|---|---|---|
| पशु सेवा तर्फ | | | |
| १७ | भक्त वहादुर मल्ल | प्रा.स. | |
| १८ | हिरामान वि.क. | ना.प्रा.स. | |
| कृषि विकास तर्फ : | | | |
| | जय कृष्ण के.सी. | ना.प्र.स | |
| | चुडामणि वुढा | ना.प्र.स | |

स्रोत :-शे-फोक्सुण्डो गाउँपालिकाको कार्यालय प्रशासन फाँट

## ६. स्थानीय तहको प्राथमिकता तथा लक्ष्यहरु

कृषि, उद्योग, पर्यटन, पुर्वाधारका क्षेत्रको विकासवाट गाउँपालिकामा रहेको विद्यमान वेरोजगारी, गरिवी र असमानता घटाइ दिगो विकास स्थापनाम सघाउ पुरयाउदै आम गाउँपालिकावासिको जीवनमा परिवर्तनको प्रत्यक्ष अनुभुति दिलाउनु यस गाउँपालिकाको प्रमुख उदेश्य हुनेछ ।

अन्य उद्देश्यहरु

- आर्थिक तथा सामाजिक असमानता र विभेदको अन्त्य गर्दै सम्वृद्धी हासिल गर्ने,
- सहज जीवन यापन र आर्थिक सम्वृद्धीका लागी भौतिक पूर्वाधारको विकास गर्ने,
- मानव अधिकार संरक्षण तथा सामाजिक न्यायको प्रबर्द्धन गर्दै शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा नागरिकको सहज पहुँच स्थापित गरी दक्ष जनशक्ति उत्पादन एव प्रभावकारी रुपमा परिचालन गर्ने,
- भाष, संस्कृति, कला, साहित्यको संरक्षरण तथा विकासको लागी आवश्यक कार्यक्रम संचालन गर्ने,
- कृषिको व्यावसायीकरण, विविधीकरण तथा आधुनिकीकरण गरी उत्पादन र उत्पादकत्व वृद्धि एव खाद्य सुरक्षा सुनिश्चित गर्दै आत्मनिर्भरता तर्फ उन्मुख हुने,
- वातावरणमैत्री र प्राङ्गरिक गाउँपालिकाको रुपमा विकास गर्ने सहयोग गर्ने ।
- भ्रष्टाचार नियन्त्रण, जनमुखी प्रशासन र सुशासन कायम गर्ने ।

उपरोक्त उद्देश्य प्राप्तिका लागि देहायका विकासका प्राथमिकताहरु निर्धारण गरेको छु ।

- सडक, यातायात, जलस्रोत, उर्जा, खानेपानी, सिंचाई, सूचना, सञ्चार तथा प्रविधि जस्ता विकासका भौतिक पूर्वाधारहरुको विकास गर्ने
- कृषि, वन, जडीबुटी, पर्यछन र उद्योग क्षेत्रको विकास गर्ने,

- मानव संसाधानको विकासका लागी शिक्षा, स्वास्थ्य, कृषि भशु लघु उद्यम घरेलु उद्यम सीपमुलक तालिम र जनचेतनामुलक र अभियानमुलक कार्यक्रममा लगानी वढाइनेछ सामाजिक क्षेत्रका विकास गर्ने,
- शान्ति सुरक्षा तथा अत्यावश्यक सार्वजनिक सेवा प्रवाहको गुणस्तरमा अभिवद्धि गरीनागरिकलाई अनुभुति हुने किसिमको सूशासन प्रदान गर्ने,
- मानव स्रोत साधनको विकास गर्ने
- गाउँपालिकाको लागी चाहिने आवश्यक कानुन निर्माण गर्ने
- गाउँपालिकाको समग्र विकास योजना मार्गचित्र तयार गर्ने ।

नीति तथा कार्यक्रमहरु

क) भौतिक पूर्वाधार

यस गाउँपालिकाको विकासमा प्रत्यक्ष प्रभाव पार्ने विकासका भैतिक पूर्वाधारहरु सडक, यातायात, विद्युत जडान, सिंचाई, खानेपानी, नदी कटान नियन्त्रण तथा तटबन्धन, मोटर पुल, झोलुङ्गे पुल आदीको पहिचान र पूर्वसम्भाव्यता/सम्भाव्यता अध्ययन गरी उपयुक्त ठहरिएको योजनाहरुको प्राथमिकताक्रम निर्धारण गरी कार्यान्वयनमा लैजाने व्यव्स्था मिलाइने छ ।

१) सडक तर्फ

- यस शे-फोक्सुण्डो गाउँपालिकाका प्रत्येक वडाहरुमा मोटर बाटो पुऱ्याई अन्य गाउँपालिका हुदै राष्ट्रिय सडक सञ्चालमा आबद्ध गरी यातायात सहज गराउन गाउँपालिकाले आवश्यक पहल गर्नेछ ।

२) विद्युत

- जलविद्युतमा आत्म निर्भर गाउँपालिकाको रुपमा विकास गर्न यस गाउँपालिका क्षेत्र भित्र निर्माणधिन तथा निर्माणको जिम्मा लिएका उत्पादक कम्पनीलाइ यथासक्य छिटो आयोजना निर्माणको काममा सक्रिय बनाइने छ । जलविद्युत उल्पादनको थप सम्भाव्यता अध्ययन गरि निजी, सार्वजनिक, सामुदायिक क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।
- नेपाल सरकार र प्रदेश सरकारको सहयोग र साझेदारीमा यस गाउँपालिकामा विद्युत पहूँच नपुगेको वडा  र वस्तीहरुमा विद्युत वितरण लाइन विस्तार गरिने छ । जसको लागी यस वर्ष गाउँपालिकाबाट स्तरवाट लागी वजेट विनियोजन गरिएको छ ।
- स्वच्छ विद्युत सेवा, सहज रुपामा उपलब्ध गराउन सौर्य ऊर्जा, वायु उर्जा, बायो ग्याँस उर्जा एवं अन्य नवीकरणीय बैकल्पिक उर्जा प्रविधिलाइ भित्राउन वैकल्पिकउर्जा प्रर्वद्धन केन्द्र र निजी क्षेत्रसँग समन्वय गर्न गाउँपालिका वसीलाइ प्रोत्साहित गरिने छ ।

३) भवन विकास

- यास गाउँपालिकाका वडा कार्यालयहरुको आफनो प्रशासनिक भवनहरु नभएको भवन नहुदा दैनिक प्रशासनिक कामकाज समेत प्रभावित भइ रहेको छ । व्यवस्थित वडा कार्यालयवाट जनतालाइ सुशासनको प्रत्यक्ष अनुभुति हुने गरि क्रमस : वडा कार्यालयहरुको भवन निर्माण कार्यलाइ प्राथमिकता दिइनेछ ।

४) खानेपानी, सिंचाइ तथा नदी नियन्त्रया

- वडा नं. १ र २ स्वच्छ खानेपानीको सहज व्यवस्सथापनको लागी वडा नं. २ को कारङखोला तथा निलिङखोला भन्ने स्थानको पानीको मुहानवाट खानेपानी योजना संचालनन गर्न आवश्यक वजेटको व्यवस्था गरिएको छ । आयोजना सहलगानीवाट संचालन गर्ने व्यवस्था मिलाइनेछ ।
- यस गाउँपालिकाका विभिन्न वडाका वस्तिहरुमा स्वच्छ खानेपानीमा जनताको पहुँच पुऱ्याउन तथा संचालनको लागी निर्माणाधिन आयोजनाहरु समयमा सम्पन्न गर्ने र आयोजनाको निरन्तरता दिन वडाको सिफारिस वमोजिम रकम विनियोजन गरिने छ ।
- कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न गाउापालिकाका सम्भावित स्थानहरुमा विभिन्न प्रविधिका सिंचाइ आयोजनाको सम्भाव्यता अध्ययन गरी निर्माण कार्य सुरु गरिने छ साथै निर्माणाधिन, नयाँतथा अवरुद्ध रहेका आयोजनाहरु सुचार गर्न बजेट विनियोजन गरिएको छ ।
- गाउँपालिका विभिन्न क्षेत्रमा बाढी पहिरो र नदी कटान नियन्त्रण गरी तटबन्ध निर्माण गर्न जलउत्पन्न डिभिजन कार्यालय सुर्खेत सँगको समन्वयको व्यवस्था मिलाइने छ ।
- यस गाउँपालिकाको सवै वडाहरुमा एक घर एक खानेपानी धाराको अभियानलाई प्राथमिकता साथ क्रमशः विस्तार गर्दै लैजान प्रथमिकता दिइने छ ।

ख) सामाजिक विकास

१) शिक्षा

- गुणस्तर प्रविधी सहितको शिक्षा र शैक्षिक पूर्वाधार गाउँपालिकाको समृद्धिको आधार भन्ने तीति अनुरुप बालबालिकाहरुलाई आधारभूत तहसम्म सर्वसुलभ अनिवार्य शिक्षा तथा माध्यमिक तहसम्म निः शुल्क शिक्षा उपलब्ध हुने कुराको सुनिश्चित हुने गरी कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- विद्यालय नजाने तथा छाड्ने प्रवृत्तिलाई निरुत्साहित गर्न, विद्यार्थी सिकाइ उपलब्धि अभिबृद्धि गर्न, बालबालिकाहरुलाई 'विद्यालय ल्याऔं, टिकाऔ सिकाऔ र अभिभावहरुलाइ जागरुक वनाऔ भन्ने राष्ट्रिय अभियानलाई प्रभावकारी बनाउन विद्यालयहरुसँग आवश्यक समन्वय र सहकार्य गरिने छ । विद्यालय जाने उमेरका सवै वालवालिकाहरुलाई विद्यालयमा भर्ना गराई गुणस्तरीय पठनपाठन गराउन सक्ने विद्यालयलाइ प्रोत्साहन गरिने छ । यसको लागि आवश्यक वजेटको व्यवस्थागरिएको छ।

- कतिपय विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपात नमिलेको अवस्था रहेको सर्न्दभमा शिक्षक दरवन्दी थप तथा घट गर्न तथा शिक्षक कर्मचारी थप गर्ने कार्यको लागी आवश्यक रकम विनियोजन गरिएको छ ।
- यस गाउँपालिकालाई साक्षर गाउँपालिकाको रुपमा विकास गराउन अनैपचारीक शिक्षा एवं साक्षरता अभियान सम्बन्धी कार्यक्रमका लागी सरकारी तथा गैर सरकारी क्षेत्रको समन्वयमा कार्य पद्धति निर्माण गरिने छ । यसको लागि आवश्यक रकम विनियोजन गरिएको छ ।
- यस गाउँपालिकाको सवै विद्यालयहरुको तल्लो कक्षा देखि नै प्राविधिक तथा व्यावसायिक शैक्षिक कार्यक्रम सञ्चालन गरिने छ । यसको लगि आवश्यक रकम विनियोजन गरिएको ।
- विद्यालय तहको शैक्षिक गुणस्तर र भौनिक विकासका लागि वडाहरुलाइ आधार बनाएर विद्यालय पूर्वाधार सुधार कार्यक्रम सञ्चालन गरिने छ । यसको लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।
- यस गाउँपालिका वडा नं.४ मा रहेको सिता जनसहयोग मा.विमा ३ वर्षे आइ ए सी कार्यक्रम संचालनको लागी आवश्यक पहल गरिनेछ ।
- यस वर्ष देखि आधारभुत शिक्षा परीक्षा गाउँपालिका स्तरबाट सञ्चालन गरिने भएकोले सो को लागी आवश्इक वजेट व्यवस्था गरिएको छ ।
- दलित तथा विपन्न समुदायका महिलाहरुलाई सरकारी तथा सार्वजनिक सेवामा पहुँच बृद्धिको लागि लोकसेवा तथा अन्य सार्वजनिक सेवाको परीक्षाको तयारी कक्षाहरु सञ्चालन गरिनेछ । यसका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ ।
- गाउँपालिकालाई वालमैत्री गाउँपालिकाको रुपमा घोषणा गर्नको लागिको आवश्यक बजेटको व्यवस्था गरिएको छ ।
- विद्यालयलाई वातावरणमैत्री विद्यालयको रुपमा विकास गर्ने कार्यको थालनी आगामी वर्ष देखि सुरुवात गरिनेछ । भने वातावरणमैत्री विकासको लागी वर्ष विभिन्न अभियानमुलक कार्यक्रम संचालन गरिनेछ यासका लागी आवश्यक वजेटको व्यवस्था गरिएको छ ।
- गाउँपालिकाको शैक्षिक गुणस्तर कमजोर हुनुमा धेरै पक्ष जिम्मेवार भएता पनि अभिभावक शिक्षाको कमीले गर्दा शैक्षिक गुणस्तर कमजोर भएको महशुस गाउँपालिकाले गरेको छ । त्यसैले गाउँपालिकाको शैक्षिक गुणस्तरमा सुधार गर्न अभिभावकहरुको सहभागितामा अभिभावक शिक्षा लाइ प्राथमिकतामा राख्दै आवश्यक वजेट विनियोजन गरिएको छ ।

३) यवा तथा खेलकुद

- नियमिता रुपमा गाउँपालिका स्तरी खेलकुद लागी विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न अध्यक्ष कप खेलकुद प्रतियोगिता र राष्ट्रपति खेलकुद प्रतियोगिताको आयोजना गरिने छ । यसको लागि आवश्यक बजेटका व्यवस्था गरिएको छ ।

- स्वस्थ जीवनका लागि खेलकुद भन्ने मान्यतालाइ गाउँपालिकामा व्यवस्थित गर्न तथा खेलाडीहरुको कार्य क्षमतालाइ प्रवर्द्धन गर्न डुगेश्वर गाउँपालिकामा रहेको खेलकुद समितिलाई क्रियाशिल गराइनेछ । जसको लागी आवश्यक वजेटको व्यवस्था गरिएको छ ।
- गाउँपालिकामा रङ्गशाला निर्माण कार्यको लागी उपयक्त स्थानको खोजी कार्यको थालनी गरिने छ । वडा नं. १ चुप्रामा कर्वड हल निर्माणका लागी सम्वन्धीत निकायमा पहल गरिने छ ।
- गाउँपालिका डुगेश्वर वजार र कोटदेवलमा खेलमैदान निर्माणको लागी सम्बन्धीत निकायमा पहल गरिनेछ ।
- युवासँग गाउँपालिका भन्ने ध्येयका साथ जिल्ला युवा परिषद् प्रदेश युवा परिषद र संघिय यूवा परिषद सँग समन्वय गरि युवा उद्यमी तथा युवा समूह मार्फत युवाद्धार उत्पादन कार्यक्रम सञ्चालन गरिने छ ।
- गाउँपालिका भित्ररहेका युवाहरुको सर्वाङ्गीण विकासका लागि संघिय युवा परिषद र प्रदेश युवा परिषद सँग आवश्यक समन्वय गरिनेछ ।
- निरक्षरता उन्मुलन, सामजिक भेदभाव विरुद्ध जनचेतना अभियान, वृक्षारोपण र वातावरण संरक्षया जस्ता अभियानहरु सञ्चालन गर्न युवा स्वयंसेवक सञ्जाल निर्माण गरी परिचालन गरिनेछ ।

३) स्वास्थ्य

- स्वस्थ्य नागरिक समृद्ध गाउँपालिका भन्ने मूल ध्ययेका साथ जनताको जीवनसँग जोडिएका आधारभूत स्वास्थ्य सेवालाइ भरपर्दो, जनमुखी र प्रभावकारी र सर्वसुलभ बनाइने छ ।
- सवैका लागि स्वास्थ्य बीमा भन्ने राष्ट्रिय अभियानका साथै गाउँपालिकाका सवै वडाहरुमा नागरिक स्वास्थ्य बीमा लागु गर्ने कार्यमा संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरी परिचयपत्र लागु गरिने छ ।
- गाउँपालिकावासीको जीवनसँग जोडिएका आधारभुत स्वास्थ्य सेवालाई भरपर्दो, जनमुखी र प्रभावकारी र सर्वसुलभ बनाइने छ ।
- यस गाउँपालिकाको वडा नं. ३, ४, ५ र वडा नं. ८ मा रहेको स्वास्थ्य चौकीलाइ स्तरोन्नती गरिनेछ । उल्लेखि स्वास्थ्य संस्थाहरुमा ल्यावका सामान र एकसरे मेशिन उपलव्धताका लागी संघिय सरकार, प्रदेश सरकार तथा अन्य दातृ निकायहरुसँग आवश्यक समन्वय गरिनेछ ।
- यस गाउँपालिकाको वडा नं. १, ३, ६, ७ र ९ मा हाल सम्म स्वास्थ्य चौही नभएकोले स्वास्थ्य चौकी स्थापनाका लागि आवश्यक पहल गरिनेछ ।
- यस गाउँपालिकमा हुने, महामारी जन्य रोगहरुको न्यूनिकरण र विपद व्यवस्थापनको लागी विपद व्यवस्थापन कोषको स्थापना गरिएको छ उक्त कोषमा आवश्यक रकम राख्ने व्यवस्था गरिनेछ ।

- दुर्गम क्षेत्रमा जनताको स्वास्थ्य मध्य नजर गर्दै यस गाउँपालिकाको समन्वयमा विभिन्न गैरसरकारी संघ संस्था सँगको समन्वयमा घुम्ती स्वास्थ्य शिविर आयेजना गरिनेछ।

४) भाषा धर्म

- दलित, आदिवाशी जनजाती समुदायको मौलिक कला र संस्कृतिको संरक्षणको लागी परम्परागत पेशा सीप र कला संस्कृतिको संरक्षण तथा प्रवद्धन गरिने छ। यसको लागी लक्षित कार्यक्रमबाट आवश्यक रकम विनियोजन गर्ने व्यवस्था मिलाइने छ।
- पुरातात्विक ऐतिहासिक धार्मिक पपरम्परागत रिति मुल्य मान्यता भाषा एंव सांस्कृतिक सम्पदाहरुको पहिचान संरक्षण र संवद्धनका लागी विभिन्न ऐन तथा नियमावलीहरुलाई स्थानीय भाषामा रुपान्तरण गर्न आवश्यक वजेटको व्यवस्था गरिनेछ।
- गाउँपालिकामा साहित्य, संगित, वाद्यवाधन, नृत्य को प्रवद्धन, विकास र संरक्षण गर्नको लागी संगित क्षेत्रमा काम गर्ने संस्था, निजी क्षेत्र र गाउँपालिकाको समन्वयमा संगित कला विस्तार गर्नको यस वर्ष प्राथमिकता साथ वजेट व्यवस्था गरिने छ। आगामी वर्षहरुमा पनि यसलाई निरन्तरता दिने नीति गाउँपालिकाले अख्तियार गर्नेछ।
- गाउँपालिका क्षेत्रमा वोलीने डोल्पो भाषा साहित्य लिपी संरक्षण प्रवर्द्धन र विकासका लागि स्थानीय भाषा अध्यापन गर्ने गराउने निति अख्तियार गरिनेछ।

५) सामाजिक समावेशीकरण

- महिला दलित अल्पसंख्यक जनजाती अपांगता भएका व्यक्ति तथा नागरिकका लागी स्रोत साधन र अवशरमा समानता कायम गर्ने निति तथा रणनिति तयार गरि विशेष लक्षित कार्यक्रम संचालन गरिनेछ।
- महिला दलित अपाग ज्येष्ठ नागरिक वालवालिका मैत्री निति तथा कानुन निर्माण गरिने छ।
- समाजमाहुने विभिन्न प्रकारका सामाजिक विकृतीहरुको न्यूनिकरणका लागी पहल गरिनेछ । उक्त कार्यमा गैरसरकारी संघ संस्थाहरुलाई परिचालन गरिनेछ।
- गाउँपालिकाको सवै सार्वजनिक निकायका संरचनाहरुलाइ अपांगमैत्री र लैंगिक मैत्री वनाउने कार्य अगाडी वढाइने छ। पूर्ण सरससफाइ प्राप्त गर्नको लागी सरसफाइ गर्ने निकायसँग आवश्यक समन्वय गरिनेछ।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरुद्धारा संचालन गरिने कार्यक्रम र गाउँपालिकाद्धारा संचालन गरिने कार्यक्रमका विचमा दोहोरोपना हुने नदिइ एकरुपता ल्याइनेछ।

- गाउँपालिकामा रहेको अपांगता भएका व्यक्तिको सहभागितामा अपांगमैत्री कार्यक्रम संचालन गरिनेछ जसको लागी अपांग लक्षित कार्यक्रमवाट आवश्यक रकम विनियोजन गरिनेछ ।
- जेष्ठ नागरिकहरुको सम्मान कार्यक्रम गरिनेछ उक्त कार्यको लागी आवश्यक रकम विनियोजन गरिनेछ ।
- वडा स्तरको सम्पुर्ण विकास निर्माण कार्यमा सोही क्षेत्रमा कृयाशिल एवं गठित सामाजिक संस्थाहरुलाइ वडा स्तरमा गठन हुने टोल विकास संस्थालाइ परिचालन गरि विकास प्रति पारदर्षि जवाफदेही र उत्तरदायी बनाइने छ ।
- जातिय छुवाछुत तथा भेदभाव मुक्त गाउँपालिका घोषणा गर्नको लागी आवश्यक कार्यक्रम बनाएर लागु गरिने छ ।
- गाउँपालिकामा रहने विपन्न एकल महिला, हिंसा पिडित महिला, द्वन्द पिडित महिलाहरुलाइ घरेलु तथा साना व्यवशायमुलक कार्यक्रम संचालन गर्न गैरसरकारी संघ संस्थाहरुलाइ परिचालन गर्ने निति अख्तियारी गर्ने व्यवस्था मिलाईएको छ ।
- गाउँपालिकामा कार्यक्षेत्र बनाइ काम गर्ने सबै गैर सरकारी क्षेत्रको कार्य क्षेत्र निर्धारण गाउँपालिकाको समन्वयमा गरिने सवै क्रियाकलाप एकद्धार नीतिबाट गरिने नीति अख्तियारी गरिने छ ।

६) क्षम तथा रोजगार

- युवा स्वरोजगार कार्यक्रम संचालन मार्फत उर्जाशिल र कर्मठ युवाहरुलाइ गाउँपालिकामा नै काम गर्ने वातावरण तयार गर्न आवश्यक रणनीति वनाइ कार्यान्वयन गरिने छ ।
- साझेदार निकायहरुको साझेदारीमा वडा स्तरमा पोली हाउस, खोर व्यव्स्थापन, उन्नत जातको वोका, घाँस प्रवद्धन, अलैची खेती, मौरी पालन भकारो सुधार जस्ता कार्यक्रम संचालन गरिनेछ ।
- यस गाउँपालिका क्षेत्रको समग्र कृषि र पशु क्षेत्रको विकासको लागी गैर सरकारी संस्थाहरुको खोजी गरि ( ए.एस.एस.पी समेत) समन्वयात्मक रुपमा प्रभावकारी तरिकाले कार्यान्यनको लागी व्यवस्था मिलाइने छ ।
- अर्गानिक कृषि उपज उत्पादन सहितको कर्णाली प्रदेश भन्ने सरकारको अभियानलाइ साकार पार्न एक कृषक एक टनेल एक पानिपोखरी अभियानलाइ प्रदेश सरकार सँग समन्वय गरि कार्यक्रम संञ्चालन गर्ने व्यवस्था मिलाइने छ ।

७) पर्यटन

- यस गाउँपालिका क्षेत्र भित्र रहेको शे-फोकसुण्डो तालको गुरुयोजना निर्माण गरी अन्य पर्यटकीय स्थलहरुको पहिचान गरि साझेदार निकायहरुको खोज गरि साझेदारी कार्यक्रम संचालन गरिने छ ।

- यस गाउँपालिकामा आदिवशी जनजातीको बस्ती भएकोले परम्परागत धर्म संस्कृती परम्परागत मुल्य झल्कने गरि होमस्टे संचालनको लागी सर्वसाधारण र गाउँपालिकाको साझेदारीमा कार्यक्रम संचालन गरिने छ ।

८) आन्तरिक मामिला र कानुन

- लागु पदार्थहरुको निषेध मदिर नियन्त्रण तथा सार्वजनिक भौतिक पुर्वाधार निर्माण कार्यमा हुने अनियमितता र ढिलासुस्तीको अत्यका लागी मूर्त कार्ययोजना निर्माण गरि प्रभावकारी कार्यन्वयनगर्न वजेट विनियोजन गरिनेछ ।
- लागु पदार्थको दुर्व्यसनका फासेका युवा युवतीहरुलाइ सही मार्गमा हिंडाउनको लागी जनचेतनामुलक कार्यक्रमहरु संञ्चालन गर्ने र सो कार्यको लागि स्थापित संघ संस्थाहरुसँग सहकार्य गर्ने व्यवस्था मिलाएको छ ।
- गाउँपालिकाले संघिय सरकार, प्रदेश सरकार र दाता वा निजी क्षेत्रसँगको सहकार्यमा योजना संचालन गर्ने नीति लिइनेछ । सोझेदारीमा संचालन हुने योजनाहरुको सूची गाउासभावाट प्रकाशित गरिनेछ । योजना संचालन, व्यवस्थापन, अनुगमन मुल्यांकन व्यवस्था लागत साझेदार निकायहरु विचको समझदारीमा गर्ने नीति लिइनेछ ।

९)जनशक्ति कार्यालय संगाठन तथा व्यवस्थापन

- गाउापालिकामा रहने विषयगत शाखाहरुलाइ कार्यालयको आवश्यकता अनुसार परिमार्जन गर्ने र जिल्ला कार्यालयबाट हस्तान्तरण भइ नआएमा आवश्यकता अनुसार गाउँपालिकाले नयाँ संरचना स्थापना गरी गाउँपालिकाले संचालन गर्ने ।
- कर्मचारीहरुलाई काम प्रर्ति जिम्मेवार जवाफदेही वनाउन कार्यविवरण तयार गरि कार्यान्वयन गर्ने र कर्मचारीहरुलाई अनुशासित मर्यादित र कर्तव्यनिष्ठ वनाउनको लागि आचारसंहिता तयार गरि लागु गरिने छ ।
- गाउापालिकामा रहने कर्मचारीहरुलाई उत्प्रेरित र उच्च मनोवलयुक्त वनाउन अपनाउने उपाय तथा उपलव्ध गराउनु पर्ने सेवा सुविधा सम्बन्धमा सुझाव पेश गर्न गठित कार्यदलवाट प्राप्त सुझाव क्रमश कार्यान्वयन गर्दै लागिनेछ ।

राजश्व परिचालनको निति तथा कार्यक्रम

- करदाता लगानीकर्ता र आम नागरिकले अपेक्षा गरेको आदर्श कर प्रणालीवाट प्रेरित भएर आगमी आर्थिक वर्षको राजश्व नीति तथा कार्यक्रमको उद्देश्यहरु देहाय अनुसार प्रस्तुत गर्न चाहुन्छ ।

- कर कानुनको पालनामा जोड दिदै करछली तथा चुहावट नियन्त्रण गर्ने ।
- गैरकर राजश्वको क्षेत्र विस्तार एवं करका दरहरुलाइ समायोजन गरि राजश्व वृद्धीगर्ने ।
- सवै आर्थिक क्रियाकलापहरुलाइ करको दायरामा ल्याइ राजश्वको आधार फराकिलो वनाउने ।
- आर्थिक क्रियाकलापको विस्तारमा सहयोग पुग्ने गरि कर प्रणालीलाइ लगानीमैत्री वनाइ उत्पादनमुलक उद्योग तथा व्यवशायको प्रवद्धन गर्ने ।
- करको संरचना र करका दरहरुमा समय सापेक्ष सुधार गरि कर प्रणालीलाइ थप प्रगतिशिल र व्यवहारिक र समन्वयात्मक वनाउने ।
- नियमित कर तिरको करदाता र व्यवसायहरुवाट गाउँपालिकालाइ आवश्यक पर्ने वस्तु तथा सेवा खरिद गर्ने नीति अवलम्वन गरिनेछ ।
- कुन कुन अवस्था र वस्तुमा सहुलियत कर र कस्तो क्षेत्रमा वा नियमित कर तिर्ने करदातालाई आवश्यक सम्मान सेवा सुविधा दिने भन्ने विषयमा प्रत्येक वर्ष योजना वनाइने छ ।
- गाउँपालिकाको करको क्षेत्रको पहिचान गरि गाउँपालिकाको कर कानुनको उपयुक्त व्यवस्था गर्ने र छरितो कर प्रशासनिक संरचना मार्फत कर तथा गैर कर असुली तथा संकलन कार्य प्रभावकारी वनाइने छ ।
- आगामी अर्थिक वर्षमा यस गाउापालिकामा लगाइने कर तथा शुल्कहरुको विवरण आर्थिक ऐनमा समावेश गरेका छौ ।

## ७. गत वर्ष (आ.व. २०७५/०७६) का मुख्य उपलब्धीहरु

| क्र.स. | ब शि न | योजना वा कार्यक्रमको नाम | सन्चालन हुने स्थान | | | वियोनियजित बजेट |
|---|---|---|---|---|---|---|
| १ | ३१११३ | याङजेर गुम्बा जाने घो.वा. मर्मत | शे फो.गा.पा वडा न.: १ | | | १०,००००० |
| २ | ३१११२ | थेम्चा हाईक्याम्प सेन्टर हाउस निर्माण | शे फो.गा.पा वडा न.: ८ | | | ६००००० |
| ३ | ३१११२ | मुक्पोरोङ हाईक्याम्प सेन्टर हाउस निर्माण | शे फो.गा.पा वडा न.: ५ | | | ७,००००० |
| ४ | ३११५५ | सिवुखोला सिचांई आयोजना | शे फो.गा.पा वडा न.: ४ | | | १५,००००० |
| ५ | ३११५९ | मुक्पोरोङ हिमाल याक दुध डेरी फर्मको छाना निर्माण | शे फो.गा.पा वडा न.: ५ | | | ८,००००० |
| ६ | ३११३१ | तरकारीको विउविजन र औजार खरिद,ढुवानी तथा वितरण | शे फो.गा.पा वडा न.: १,९ | | | ४,००००० |
| ७ | ३१११२ | नाक्टर सेल्टर हाउस निर्माण | शे फो.गा.पा वडा न.: ४ | | | ६,००००० |
| ८ | ३११५१ | डेनखर्क चरण बाटो निर्माण | शे फो.गा.पा वडा न.: ३ | | | ६,००००० |
| ९ | ३११५५ | ता देखी किराथाङ सम्म सिंचाई | शे फो.गा.पा वडा न.: ३ | | | ९,००००० |
| १० | ३११५१ | चेजुङ चरण खर्क घो.बा निर्माण | शे फो.गा.पा वडा न.: ८ | | | ७,९६,००० |
| | | जम्मा रु | | | | ७८,९६००० |
| ११ | ३११५९ | क्याराभान ठिन्ले स्मृति साल्दाङ | शे फो.गा.पा वडा न.: ३ | | | ७,००००० |
| १२ | ३११५९ | क्याराभान ठिन्ले स्मृति छेप्का | शे फो.गा.पा वडा न.: ८ | | | ५,००००० |
| १३ | ३११५८ | गा.पा. कार्यालयको बाथरुम निर्माण | शे फो.गा.पा | | | ७,००००० |
| १४ | ३११५१ | शे गुम्बा तिर्थ स्थल घम्ने बाटो | शे फो.गा.पा वडा न.: ३ | | | १०,००००० |
| १५ | ३१११३ | सामलिङ गुम्बा मर्मत | शे फो.गा.पा वडा न.: ५ | | | १०,००००० |
| १६ | २२५२२ | आदिवासी जनजाती अधिकार र पहिचान संरक्षण | शे फो.गा.पा वडा न.: १-९ | | | ४००००० |
| १७ | ३११५६ | कराङ काङजोङ आधारभुत विधालय खानेपानी योजना | शे फो.गा.पा वडा न.: २ | | | ५,००००० |
| १८ | ३१११२ | सेम्डुक लाखाङ गुम्बा साँस्कृतिक भवन क्रमागत | शे फो.गा.पा वडा न.: ८ | | | २०,००००० |
| १९ | २२५२२ | शिक्षा क्षेत्र सुधार कार्यक्रम पुजिगत | शे फो.गा.पा वडा न.१-९ | | | २,८००००० |
| २० | ३११५६ | किराथाङ देखी ता सम्म खानेपानी | शे फो.गा.पा वडा न.: ३ | | | ९,३०००० |
| २१ | ३११५६ | कराङ खानेपानी योजना | शे फो.गा.पा वडा न.: २ | | | १०,१०००० |
| २२ | ३११५६ | तिलिङ खानेपानी | शे फो.गा.पा वडा न.: २ | | | १०,२०००० |
| २३ | ३११५६ | नाम्दो खानेपानी आयोजना क्रमागत | शे फो.गा.पा वडा न.: ४ | | | १५,००००० |
| २४ | ३१११२ | सिङथुप्रा साँस्कृतिक भवन निर्माण योजना | शे फो.गा.पा वडा न.: ४ | | | ५,०२००० |
| २५ | | | | | | |
| २६ | २२५१२ | आधारभुत तालिम ५ दिने | जना | २५ | शे फो.गा.पा | २५०००० |
